नेपाल आदिवासी जनजाति महासंघ
NEPAL FEDERATION OF INDIGENOUS NATIONALITIES
न्यूज लेटर NEWS LETTER

अंकः २, आषाढ २०६७ Volume : 2, June-July, 2010

# आदिवासी जनजाति महासंघद्धारा दबावमूलक धर्ना कार्यक्रम

नेपालका आदिवासी जनजाति, महिला, अती सीमान्तकृत, लोपोन्मुख, सूची उन्मूख आदिवासीहरु, दलित, मुस्लिम, मधेसी, अल्पसंख्यक तथा विपन्न वर्गको चाहनाले नेपालको ईतिहाासमा प्रथम पटक जनताद्धार निर्वाचित २१८ आदिवासी जनजाति सभासद समेत ६०१ सभासदहरु भएको सविधानसभा र २५० वर्षदेखि विभेद र उत्पीडनको अन्त गरि आदिवासी जनजाति, महिला, अती सीमान्तकृत, लोपोन्मुख, सूची उन्मुख आदिवासीहरु, दलित, मुस्लिम, मधेसी, अल्पसंख्यक तथा विपन्न वर्ग पहिचान सहित समानुपातिक समावेशी प्रतिनिधित्व र अधिकार सुनिश्चित गर्न गठन भएको संविधानसभालाई दलहरु बीच सत्ता प्राप्तीको लागि भएको गतिरोधका कारण विघटन गर्न दलहरु उद्धत भएको देखिएकोले नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद सचिवालयको २०६७ जेठ ११ गते विहान ७ बजे बसेको आकस्मीक वैठकले जनताद्धार गठन गरिएको संविधानसभा विघटन हुन नदिन संविधानसभा भवनको गेट नं ३ अगाडी २०६७ जेठ ११ गते देखि अनिश्चितकालिन २४ घण्टा दबावमूलक धर्नामा संघीय परिषद सचिवालयका पदधिकारीहरु, आदिवासी जनजातिका वरिष्ठ अग्रज नेताहरु, वुद्धिजिवीहरु, महासंघका पूर्व सल्लाहाकारहरु, पूर्व अध्यक्ष, पूर्व महासचिवहरु, पूर्व संघीय परिषद सचिवालयका पदधिकारीहरु, जातीय संगठनहरु, संघीय परिषदका सदस्यहरु, जिल्ला समन्वय परिषदहरु, महासंघसंग सम्बन्धन प्राप्त, आवद्ध आदिवासी जनजातिका संघसंस्थाहरु, आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति सभासद ककस सभाका माननीय सभासदहरु, विभिन्न दलका माननीय सभासदहरु, आदिवासी जनजाति विद्यार्थी महासंघ, अदिवासी जनजाति पत्रकार महासंघ, आदिवासी जनजाति युवा संघ, आदिवासी जनजाति कानुन व्यावसायी संघ, नागरिक समाजहरु, मानव अधिकार वादी संघसंस्थाहरु, आदिवासी जनजातिका अधिकारका लागि गठन भएका विभिन्न मोर्चाहरु, उद्योगपतिहरु, पत्रकारहरु, महासंघका कर्मचारीहरु र आम नेपाली महिला, युवा, विद्यार्थी, मजदुर, पेशाकर्मीहरु, नेपाली दाजुभाई तथा दिदीबहिनीहरुले ऐक्यवद्धता, समर्थन र सहभागिता जनाउनु भएको थियो । संविधानसभा विघटन नगर भनेर संविधानसभाका सम्माननीय अध्यक्ष सुवास चन्द्र नेम्वाङ, नेकपा एमाले, एकीकृत नेकपा माओवादी र नेपाली कांग्रेसलाई बुझाएको ज्ञापन–पत्र यस प्रकारको छ :






*'जातीय स्वशासन सहितको स्वायत्तता र आत्मानिर्णयको अधिकार, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको मूल आधार'*

सम्माननीय सविधानसभका अध्यक्षज्यू
सभा अध्यक्षको कार्यालय
सिहदरवार, काठमाडौं

विषय : नेपाली जनताको संविधान सभा विघटन हुन नदिनेबारे ।

## संविधानसभा विघटन नगर

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान निर्माण गर्नका लागि नेपालको इतिहासमा नै प्रथम पटक जनताद्धारा निर्वाचित ६०१ सभासदहरुले विभिन्न ११ वटा बिषयगत समितिमा अहोरात्र खटेर संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने ८० प्रतिशत कार्य सम्पन्न गरिसकेको अवस्थामा दलहरुको गतिरोधको कारणले संविधान निर्माण कार्य अधुरो रहेको र संविधानसभा विघटन हुने परिस्थिति आएकोमा नेपाल आदिवासी जनजाति महासंघ अत्यन्त चिन्तित भएको छ । निर्धारित समयमा संविधान नबन्नुमा संविधानसभामा रहेका सम्पूर्ण राजनीतिक दलहरुले नैतिक र राजनीतिक जिम्मेवारी लिनुपर्ने नेपाल आदिवासी जनजाति महासंघको ठहर रहेको छ । निर्धारित समयमा संविधान नबनेको वर्तमान परिस्थितिमा संविधानसभाको कार्यकाल अल्पकालका लागि थप्नु नै उपयुक्त विकल्प हो । संविधानसभा विघटन गरेर मुलुकमा राजनीतिक शुन्यता उत्पन्न गरिनु हुँदैन । तसर्थ सशर्त संविधानसभाको कार्यकाल थप गरि :

१) २०६२/०६३ को जनआन्दोलनको भावनालाई आत्मसात गरि नेपालको अन्तरिम संविधानले गरेका घोषणाहरु, लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्ष र संघीयतालाई नयाँ संविधानमा संस्थागत गर्न,

२) नेपालका डेढ करोड आदिवासी जनजाति, महिला, दलित, अपाङ्ग, लोपोन्मुख, अति सीमान्तकृत र सूचीउन्मुख, अल्पसंख्यक, मुस्लिम, मधेशी पछाडी पारिएका वर्ग, समुदाय, क्षेत्रको पहिचान, अधिकार स्थापित गर्न,



३) विगत २५० बर्षदेखिका सबै वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिय विभेद र उत्पीडनको अन्त गरि समतामूलक समानुपातिक समावेशी राज्य स्थापना गर्न र

४) नेपालमा उपलब्ध सम्पूर्ण श्रोत, साधन र जनशक्तिको उपयोग गर्दै नेपाललाई आर्थिक रुपले एक समृद्धशाली देश, राजनैतिक रुपले शान्त देश र राष्ट्रियताको रुपले वहुराष्ट्रिय, वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक र वहुधार्मिक विशिष्टता भएको नेपालीहरुको साझा फूलबारी बनाउन र नेपालको नयाँ संविधान निर्माण गर्न ३ करोड नेपालीहरु लगायत आदिवासी जनजाति, महिला, अती सीमान्तकृत, लोपोन्मुख, सूची उन्मुख आदिवासीहरु, दलित, मुस्लिम, मधेसी, अल्पसंख्यक तथा विपन्न वर्गको चाहनाले गठन भएको हो र अधिकारमुखी नयाँ संविधान यिनै वर्गलाई चाहिएको हो । संविधान नै नबनाइ संविधानसभालाई विघटन गर्नु भनेको आदिवासी जनजाति, महिला, अती सीमान्तकृत, लोपोन्मुख, सूची उन्मुख आदिवासीहरु, दलित, मुस्लिम, मधेसी, अल्पसंख्यक तथा एवं विपन्न वर्गलाई अधिकार नदिई पूरानै वर्ग तथा समुदायले एकलौटी ढंगबाट निरन्तर राज्यसत्ता चलाउन खोज्नु हो ।

संविधानसभाले थप गरिएको समयमा संविधान निर्माणको कार्य के कसरी अगाडि बढाउने भन्ने स्पष्ट कार्यतालिका निर्माण गर्नुपर्दछ र सो कार्यतालिकालाई कडाइका साथ पालना गर्ने प्रतिवद्धता आउनुपर्दछ । संविधानसभाको कार्यकाल थप्दा आगामी दिनमा पुनः कार्यकाल नथपिने ग्यारेन्टी गरिनु पर्दछ । नेपाल आदिवासी जनजाति महासंघले नयाँ संविधानमा राख्नुपर्ने भनी दिएका सुझावहरु समेतलाई समावेस गरी भावी संविधानको प्रारम्भिक मस्यौदा सम्पूर्ण नेपालीको हातमा पुऱ्याइनुपर्दछ । संविधान निर्माण प्रकृया पारदर्शी नभएको संविधान स्वीकार गर्न नेपाली जनता तयार हुँदैनन् भन्ने तथ्यलाई संविधानसभा, र ाजनीतिक दलहरु तथा संविधानसभाले आत्मसात गर्नु पर्दछ ।

साथै राजनितिक स्वार्थ र असहमतिको कारण संबिधानसभा बिघटन नगरीयोस । नयाा नेपालको नयाा संबिधान जनताद्धार स्थापित संबिधानसभाबाट नै बनाइयोस । संबिधानसभाको समय अवधी थप गरी थापिएको अवधी भित्र संबिधान जारी गर्न राजनितिक सहमति र प्रतिवद्धता दलहरुबाट जारी गरियोस् । आदिवासी जनजातिहरुले उठाएका आत्म निर्णयको अधिकार र जातिय स्वायत्तता सहितको संघिय राज्य निर्माण ग्यारेन्टी गरियोस् ।

उपरोक्त सवालहरुलाई राजनितिक स्वार्थको कारण ओझेलमा पारी आदिवासी जनजातिहरुले अधिकार प्राप्त गर्नबाट बन्चीत भई मुलुकमा जातिय बिद्रोहको अवस्था सिर्जना भएमा यसको जिम्मेवारी राजनितिक दलहरुले लिनु पर्ने छ भन्ने खवरदारी गर्दै जनताद्धारा स्थापित संबिधानसभा बचाउनको लागि महासंघले मिति २०६७ जेठ ११ गते देखि संविधान सभा भवनको गेट नं ३ अगाडी आम आदिवासी जनजाति र जनसमुदायको समर्थन ऐक्यबद्धता र सहभागीतमा धर्ना कार्यक्रम आयोजना गरेको व्यहोरा जाकारी गराउँदै यो ज्ञापन पत्र पेश गरेकाछौं ।

राजकुमार लेखी (अध्यक्ष)
नेपाल आदिवासी जनजाति महासंघ

## संविधान सभा विघटन नगरेकोमा धन्यवाद ज्ञापन संम्बन्धि जारी प्रेस विज्ञप्ति

नेपालको इतिहासमा नै प्रथम पटक जनताद्धारा निर्वाचित ६०१ सभासदहरुले विभिन्न ११ वटा बिषयगत समितिमा अहोरात्र खटेर संविधानको प्रारम्भीक मस्यौदा तयार गर्न ८० प्रतिशत कार्य सम्पन्न गरिसकेको अवस्थामा दलहरुको गतिरोधको कारणले आम नेपाली जनता, आदिवासी जनजाति, महिला, अति सिमान्तकृत, लोपोन्मुख, सूची उन्मुख आदिवासीहरु, दलित, मुस्लिम, मधेसी, अल्पसंख्यक तथा विपन्न वर्गको चाहनाले गठन भएको संविधानसभालाई विघटन गर्न नदिन दवावमूलक धर्ना, खबरदारी अभियान र संविधान सभा विघटन नहोस् भनी नेपाल आदिवासी जनजाति महासंघ लगायत २ करोड ७५ लाख नेपाली जनताले व्यक्त गरेका चिन्ता, सरोकार, चासो, भावना, र चाहानालाई बुझेर, सुनेर र आत्मसात गरेर संविधान सभाको म्याद २०६७ जेठ १४ गतेदेखि थप १ बर्ष बढाएकोमा ३ प्रमुख दलहरु एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले लगायत संविधान सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरुलाई डेढ करोड आदिवासीको तर्फबाट नेपाल आदिवासी जनजाति महासंघ यसै प्रेस विज्ञप्ति मार्फत हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

साथै सविधान सभा भवनको ३ नं गेटमा २०६७ जेठ ११ गतेदेखि "संविधान सभा विघटन नगर" भनेर दलहरुलाई दवाव दिन नेपाल आदिवासी जनजाति महासंघको २४ घण्टा अनिश्चितकालिन दवावमूलक कार्यक्रममा ऐक्यवद्धता, समर्थन र सहभागिता जनाउनु भएका आदिवासी जनजातिका वरिष्ठ अग्रज नेताहरु, वुद्धिजिवीहरु, महासंघका पूर्व सल्लाहाकारहरु, पूर्व अध्यक्ष, पूर्व महासचिवहरु, पूर्व संघीय परिषद सचिवालयका पदाधिकारीहरु, जातीय संगठनहरु, संघीय परिषदका सदस्यहरु, जिल्ला समन्वय परिषदहरु, महासंघसंग सम्बन्धन प्राप्त, आवद्ध आदिवासी जनजातिका संघसंस्थाहरु, आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति सभासद ककस सभाका माननीय आदिवासी सभासदहरु, विभिन्न दलका माननीय सभासदहरु, नागरिक समाजहरु, मानव अधिकारवादी संघसंस्थाहरु, आदिवासी जनजातिका अधिकारका लागि गठन भएका विभिन्न मोर्चाहरु, उद्योगपतिहरु, महासंघका कर्मचारीहरु र आम नेपाली महिला, युवा, विद्यार्थी, मजदुर, पेशाकर्मीहरु, नेपाली दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

नेपाल आदिवासी जनजाति महासंघको यस दवावमूलक कार्यक्रमलाई प्रमुख समाचार बनाएर दलहरुको कानमा, आँखामा र मनमस्तिस्क सम्ममा पुऱ्याएर नेपाली जनताले चाहेको जस्तो परिणाम निकाल्न सशक्त प्रभावकारी भूमिका निर्वाह गर्न सफल हुनु भएकोमा आदरणीय पत्रकार बन्धुहरु, सम्पादकहरु, कार्यक्रम छायााकन गर्ने क्यामरा संचालकहरु, फोटोग्राफरहरु र आम संञ्चार माध्यमहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछौं । साथै महासंघको धर्नामा सहभागिहरुलाई २४ घण्टा सुरक्षाको व्यवस्था मिलाई दिनु भएकोमा मा. गृह मन्त्री र नयां बानेश्वर प्रहरी प्रभागका डि एस पी, प्रहरी जवानहरु, आफ्नो व्यापार व्यवसाय गर्ने थलो उपलब्ध गराउनु भएका संविधान सभा भवन गेट नं ३ अगाडीका तरकारी व्यपारीहरु, पानी, विजुली र अन्य आवश्यकीय व्यवस्था मिलाई दिनु भएका जनसमुदायहरुप्रति महासंघ हार्दिक आभार प्रकटका साथ धन्यवाद ज्ञापन गर्दछ ।

जन चहाना र दवावका कारण संविधान सभाको म्याद १ बर्ष थपिएको परिप्रेक्षमा नेपाल आदिवासी जनजाति महासंघको निम्न महत्वपूर्ण मागहरु प्रति संविधान सभामा प्रतिनिधित्व गर्ने सबै दलहरुको ध्यान आर्कषण गर्दछौं ।

१) संविधान सभाको थपिएको म्याद १ बर्षको अवधिमा संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्ने र तत्काल संविधान सभाको कार्य तालिका निर्माण गरेर संविधान सभाको म्याद पुनः थप्नु पर्ने अवस्था आउन नदिन सबै दलहरुले सामुहिक लिखित प्रतिबद्धता पत्र जारी गर्न माग गर्दछौं ।

२) सविधान सभा अर्न्तगतका ११ वटा बिषयगत समितिमा रहेका सभासदहरुले अहोरात्र खटेर संविधानको प्रारम्भीक मस्यौदा तयार गर्ने ८० प्रतिशत कार्य सम्पन्न गरिसकेकोले बांकी २० प्रतिशत काम पुरा गरेर संविधानको प्रारम्भिक मस्यौदा माथी जनताको सुझाव संकलन गर्न जिल्ला, गाउँ र वडा तहसम्म सबै नेपालीको घरघरमा तत्काल वितरण गर्न माग गर्दछौं ।

३) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा नेपालका आदिवासी जनजाति, महिला, अति सिमान्तकृत, लोपोन्मुख, सूची उन्मुख आदिवासीहरुको अधिकार सुनिश्चित गरेर मात्र जारी गर्न माग गर्दछौं, अन्यथा आदिवासी जनजातिहरुको अधिकार सुनिश्चितता नभएको संविधान स्वीकार्न डेढ करोड आदिवासी जनजातिहरु वाध्य हुने छैनन् ।

४) २०६२/०६३ को जनआन्दोलनको भावनालाई आत्मसात गरि नेपालको अन्तरिम संविधानले गरेका घोषणाहरु, लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्ष र संघीयतालाई नयाँ संविधानमा संस्थागत गर्न माग गर्दछौं ।

५) नेपाल सरकार तथा नेपालका राजनीतीक दलहरुले अनुमोदन गरिसकेका आदिवासी जनजातिहरुको अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धी १६९ र यू एन ड्रीपी लगायत नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय मानव अधिकारका कानुनद्धारा प्रत्याभूत आदिवासीहरुको अधिकारलाई नयाँ संविधानको मौलिक हकमा राख्न जोडदार माग गर्दछौं ।

६) नेपालको नयाँ संबिधान जनताद्धारा स्थापित संबिधानसभा र जनताद्धारा निर्वाचित सभासदहरुबाट नै बनाइयोस् । व्यवस्थापिका संसदमा वाहेक संबिधानसभामा सभासदहरुलाई दलको व्हीप जारी गर्ने गरि दल त्याग ऐनमा गरिएको संशोधित प्रावधान तत्काल खारेज गरियोस् र दलहरुले व्हीप जारी गर्न नपाउने व्यवस्था गरियोस् ।

७) संघीय शासन व्यवस्थाका लागि राज्यको पुनर्संरचना गर्दा आदिवासी जनजातिहरु जाति, भाषा, साझा जीवन पद्धति र ऐतिहासिक पहिचान सहितको आत्म निर्णयको अधिकार र जातिय स्वायत्तता सहितको संघीय राज्य निर्माणको ग्यारेन्टी गरीयोस । राज्य पुनर्संरचना समितिले पारित राज्य पुनर्सरचनाको मस्यौदाको प्राविधिक समायोजन गर्नका लागि अदिवासी जनजाति विशेषज्ञ सम्मिलित आयोग गठन गरियोस् नत्र आयोग नै गठन नगरियोस् ।

८) आदिवासी जनजातिहरुको अग्रीम सुसुचित स्वतन्त्र सहमतिको संविधान सभामा स्थापना गरियोस् र आदिवासीहरुको तर्फबाट ११ वटा विषयगत समितिले प्रस्तुत मस्यौदा प्रतिवेदन उपर आदिवासी जनजाति महासंघका प्रतिनिधिमूलक संघसंस्थाले संशोधन प्रस्ताव पेश गर्न पाइयोस् ।

उपरोक्त सवालहरुलाई राजनितिक स्वार्थको कारण ओझेलमा पारी आदिवासी जनजातिहरुले अधिकार प्राप्त गर्नबाट बन्चित भई मुलुकमा जातीय बिद्रोहको अवस्था सिर्जना भएमा यसको जिम्मेवारी राजनैतिक दलहरुले लिनुपर्ने छ ।

राजकुमार लेखी (अध्यक्ष)
नेपाल आदिवासी जनजाति महासंघ

# भारतीय दूतावासमा ज्ञापन–पत्र

भगावन गौतम बुद्धको निर्विवाद जन्मभूमी लुम्विनि कपिलवस्तुलाई विवादमा पार्न बुद्ध भारतमा जन्मेका हुन् भनेर विगत केही समय यतादेखि भारतका केही मिडियाहरुले सुनियोजित ढङ्गले भ्रम फैलाउन गरेको निन्दनिय कार्य तत्काल बन्द गर्न भारतीय दूतवासमा ज्ञापन–पत्र बुझाउन स्वदेश तथा विदेशमा रहनु भएका नेपालीहरु, बौद्ध धर्मावलम्वीहरु र नागरिक समाजले गर्नु भएको सुझाव र आग्रह अनुसार २०६७ जेठ १३ गते बुद्ध जयन्तीको दिन आदिवासी जनजाति महासंघले भारतीय दूतावास लाजिम्पाटमा गएर कन्सुलर ए. के. रोय मार्फत एक ज्ञापन–पत्र बुझाईयो ।

**बुद्ध नेपालमा जन्मेका हुन भारतमा होईन**

### भारतीय दूतावासमा बुझाएको ज्ञापन–पत्र यस प्रकारको छः

Date May 27, 2010
**Your Excellency the Ambassador of India**
**Embassy of India**
**Lazimpath, Kathmandu**

SUBJECT : **INIDAN MEDIAS CAMPAIGNING TO DISPUTE BUDHHA'S BIRTH PLACE LUMBINI NEPAL.**

Your Excellency,
The India medias in recent year are vigorously and intentionally campaigning to dispute the Buddha's original birth place Lumbini, Rupendehi District Nepal and the Nepal Federation of the Indigenous Nationalities, together with 275,00,000 Nepalese living in Nepal and abroad, all peace loving citizens of the world and all the Buddhist followers and scholars strongly condemn such unethical activities of Indian medias. All the scholars, anthropologists, researches,
intellectuals and the International religious institutions of the world including India or in another words NO ONE ON THIS EARTH have never ever disputed the birth place of universal ambassador of the peace, great human yet great citizen of Nepal BUDHHA, which in fact we all know is in LUMBINI, REUPENDEHI DISTRICT OF NEPAL. Why are the India medias continuously campaigning to dispute Buddha's original birth place which is Lumbini, Rupendehi District of Nepal ? India and Nepal have close and good relationship and friendship since many centuries. Such, unethical and irresponsible activities may cause distrust and instability in the friendship between two great neighbors Nepal and India. Nepal and India should be aware and put all the possible



efforts to stop such elements and activities prior to it damaging the historical friendship between Nepal and India.
The Nepal Federation of Indigenous Nationalities and the people of Nepal highly appreciate the government of India and people of India for protecting, preserving Buddhist monuments, sites and promote Buddhist religion in India. No activities should be allowed discredit India' such great credibility.
On the auspicious day of the Buddha Jayanti , we urge and request government of India and the people of India join hands with the Nepal Federation of the Indigenous Nationalities, people of Nepal peace loving people of the world to spread out the message that BUDHHA IS BORN IN NEPAL BUT NOT IN INDIA.

**Rajkumar Lekhi Tharu**
**President**
**Nepal Federation of the Indigenous Nationalities**



स्पेनमा हुनु भएका नेपाली मित्रहरुबाट प्राप्त सुझाव अनुसार बुद्धलाई सांकेतिक रुपमा प्रदान गरिएको नेपालको नागरिकता, बुद्ध नेपालमा जन्मेको २ ठोस महत्वपूर्ण प्रमाणहरु अशोक स्तम्भ र मार्कर स्टोन अंकीत २० हजार रङ्गीन पम्प्लेट वितरण कार्य पनि सोही दिनदेखि प्रारम्भ गरियो । उक्त पम्प्लेट प्रतिलिपी यस प्रकारको छ :




नेपालमा दिगो शान्तिका लागि सघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण चाडो होस् भन्ने कामनाका साथ साझा संविधानसभा भवन अगाडी राखिएको बुद्धको प्रतिमाको अगाडी श्रद्धेय बौद्ध धर्मगुरुहरु र नागरिक समाजको सहभागीतमा दीप प्रज्वलन गरिएको थियो ।



## नेपालको संविधानमा आदिवासी जनजातिको अधिकार सुनिश्चितता संम्बन्धि अन्तरक्रियात्मक भेला

यहि २०६७ जेठ २ गतेका दिन नेपाल आदिवासी जनजाति महासंघको आयोजनामा संवैधानिक सम्वाद केन्द्र नयाँ बानेश्वरमा नेपालको नयाँ संविधानमा अदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखी थारुको अध्यक्षतामा अदिवासी जनजातिको अधिकार सुनिश्चितताबारे अन्तरक्रियात्मक भेला सम्पन्न भयो ।



उक्त भेलामा नेपाल आदिवासी जनजाति महासंघका पूर्व सल्लहाकार, पूर्व महासचिव, जातिय संगठनहरु, जिल्ला संघयि परिषदका प्रतिधिहरु, सम्बन्धन प्राप्त संघसंस्थाहरु र वर्तमान र पूर्व सचिवालयका पदाधिकारीहरु सहभागी थिए ।

निर्माणाधीन नेपालको नयाँ संविधानमा आदिवासी जनजातिको अधिकार सुनिश्चितताको लागी विभिन्न दलहरुमा भएका आदिवासी सभासदहरु बीचको एकता, आदिवासी जनजातिका अधिकारका लागी संर्घष गर्न गठन भएका विभिन्न मोर्चाहरु बीच पनि एकताका साथै आदिवासी जनजाति माथि २५० बर्षदेखि भै रहेको भाषिक, धार्मिक, सांस्कृतिक, सामाजिक, राजनीतिक, शैक्षिक, आर्थिक लगयातका सबै विभेद र उत्पीडन सदाका लागि अन्त गरि आदिवासी जनजातिका अधिकार सुनिश्चितता सवालमा आदिवासी जनजाति सभासदहरु र डेढ करोड सबै आदिवासी जनजातिले आ–आफ्ना राजनीतिक आस्था भन्दा माथि उठेर ऐतिहांसिक निर्णय लिन तयार रहनु पर्ने उक्त भेलाको निचोड थियो । करिब ४० भन्दा बढी प्रतिनिधिहरुले आदिवासी जनजाति बुद्धिजीवि डा. चैतन्य सुब्बाले नयां संविधानमा के कस्ता अधिकार सुनिश्चित हुनु पर्छ भन्नेबारे प्रस्तुत कार्य पत्र, आदिवासी सभासद सभा ककसका संयोजक मा. ईन्द्र बहादुर गुरुङ, ककसका सदस्य मा. पृथ्वि सुब्बा




गुरुङ र नेफिनका निर्वतमान अध्यक्ष मा. पासाङ शेर्पा समेतले राख्नु भएको मन्तव्य र आदिवासी जनजाति महासंघ बारेमा आ–आफ्ना जिज्ञासाहरु राखेका थिए । कार्यपत्रबारेको जिज्ञासहरु डा. चैतन्य सुब्बा, आदिवासी सभासद ककसबारे मा. पासाङ शेर्पा र महासंघको बारेमा महासचिव आङ काजी शेर्पा 'किसान' र अध्यक्ष राजकुमार लेखि थारुले उत्तर दिएका थिए ।

## रेड सम्बन्धि प्रशिक्षकहरुलाई तालिम

नेपाल आदिवासी जनजाति महासंघकद्धार ईबगिया, ए आइ पी पी र टेबटेबाको आर्थिक सहयोगबाट संञ्चालित रेड कार्यक्रम अर्न्तगत जलवायु परिवर्तन जस्तो महत्वपुर्ण विषय र आदिवासी जनजातिहरुको जिविकोपार्जन थलो वनसंग



प्रत्यक्ष अन्तर संम्बन्ध रहेको वन फडानी तथा वन विनासका कारण हुने कार्बन उत्सर्जनको कटौती संम्बन्धि प्रशिक्षक तालिम २०६७ जेठ ३ देखि ५ गते होटल चौतारी नगरकोटमा सम्पन्न भयो ।

विश्वमा समेत नौलो विषयवस्तुको रुपमा लिइने रेड (रिडक्सन अफ डिफ्रोस्टेशन एण्ड डिग्रेडेसन) अर्थात् खस भाषामा वन फडानी तथा वन विनासका कारण हुने कार्बन उत्सर्जनको कटौती सम्बन्धि अवधारणा प्रभावकारी ढङ्गले जिल्ला र गाउं तहसम्मका आदिवासी जनजातिलाई बुझाउन दोश्रो चरणको रेड कायक्रमका लागि आवश्यक जनशक्ती उत्पादन गर्न आमन्त्रित करिव ३० जिल्ला समन्वय परिषदका प्रतिनिधिहरुलाई वन फडानी तथा वन विनासका कारण हुने कार्बन उत्सर्जनको कटौती सम्बन्धि प्रशिक्षक तालिम दिइएको थियो ।

स्मरण रहोस् केहि समय अगाडी वन फडानी तथा वन विनासका कारण हुने कार्बन उत्सर्जनको कटौती सम्बन्धमा नेपाल आदिवासी जनजाति महासंघले १४ बुंदे अवधारणपत्र समेत जारी गरिको थियो ।

## जलवायु परिवर्तन र वन क्षेत्रको फडानी तथा वन विनासका कारण हुने कार्वन उत्सर्जनको कटौती (रेड्) सम्बन्धमा नेपाल आदिवासी जनजाति महासंघको अवधारणापत्र (पोजिसन् पेपर)

नेपाल सरकारले आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ को महासन्धि नं. १६९ को अनुमोदन र आदिवासी जनजातिहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको पक्षमा मतदान गरेकोलाई ध्यान दिंदै, जलवायु परिवर्तनका सम्बन्धमा आदिवासी जनजातिहरुको अन्तर्राष्ट्रिय मञ्चले सन् २००९ मा अमेरिकाको एन्कोरेजमा विश्व सम्मेलनले जारी गरेको एन्कोरेज घोषणापत्रलाई आत्मसात गर्दै, प्रकृतिसंग प्रत्यक्ष रुपमा अन्योन्याश्रित सम्बन्ध र सरोकार राख्ने समुदाय हामी आदिवासी जनजातिहरु भएको कुरालाई मनन गर्दै, नेपालका आदिवासी जनजातिहरुले विगतदेखि हालसम्म गर्दै आएको संघर्षमा प्रष्फुटित भएका आत्मनिर्णयको अधिकार, प्राकृतिक स्रोत साधनमाथिको अग्राधिकार, भूमिमाथिको स्वामित्व र नियन्त्रणलगायतका हाम्रा माग दावीहरुलाई मध्यनजर गर्दै, नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन र वन क्षेत्रको फडानी तथा विनासबाट हुने कार्वन उत्सर्जन कटौती (रेड् सम्बन्धमा निम्न विषयहरुलाई न्यूनतम् अवधारणाका रुपमा घोषणा गर्दछः

१. जलवायु परिवर्तन र रेड्का सम्बन्धमा राज्यले बनाउने जुनसुकै नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यमा आइएलओ महासन्धि नं. १६९ र आदिवासी जनजातिहरुको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्रले प्रत्याभूत गरेको आदिवासी जनजातिहरुको जल, जमिन, जंगल र खानीमाथिको स्वामित्व र नियन्त्रणको अधिकारहरुलाई संवैधानिक, कानुनी र प्रशासनिक सुनिश्चितता हुनु पर्दछ ।

२. राज्यले जलवायु परिवर्तन र रेड्संग सम्बन्धित जुनसुकै नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यमा आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारलाई मान्यता दिइनु पर्दछ ।

३. राज्यले गर्ने जलवायु परिवर्तन र रेड्सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यमा आदिवासी जनजातिहरुको स्वतन्त्र, पूर्वसुसूचित सहमतिलाई सुनिश्चित गरिनु पर्दछ ।

४. राज्यले जलवायु परिवर्तन र रेड्संग सम्बन्धित नीति, योजना तथा कार्यक्रमहरु बनाउँदा, कार्यान्वयन गर्दा र मूल्यांकन कार्यहरुमा आदिवासी जनजातिहरुको पुर्ख्यौली भूमि, वन तथा अन्य प्राकृतिक स्रोतहरुसंग अन्योन्याश्रित सम्बन्धका साथै परम्परागत ज्ञान, सीप, रीतिरिवाज, प्रथाजनित न्यायिक व्यवस्थाको प्रयोग र संस्कृतिलाई संवैधानिक र कानुनी मान्यता दिइनु पर्दछ ।

५. राज्यले जलवायु परिर्वन र रेड्संग सम्बन्धित जुनसुकै नीति, योजना तथा कार्यक्रम बनाउँदा, कार्यान्वयन गर्दा र मूल्यांकनमा आदिवासी जनजातिहरुको पूर्ण र प्रभावकारी सहभागिताको व्यवस्था सूनिश्चित गरिनू पर्दछ ।

६. राज्यले वन फडानी तथा वन क्षेत्रको विनास रोक्ने जुनसुकै नीति, योजना तथा कार्यक्रम लागू गर्दा वन संरक्षण तथा व्यवस्थापनसम्बन्धी आदिवासी जनजातिहरुको परम्परागत प्रणालीलाई मान्यता दिइनु पर्दछ ।

७. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण र अनुकुलनका लागि रेड्को उपयोग कार्वन व्यापारसँग सम्बन्धित भएकोले वन-जंगलभित्रको कार्वन भण्डार को व्यापार गर्ने वा नगर्ने तथा के, कसरी गर्ने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार आदिवासी जनजातिहरुसंग रहने व्यवस्था गरिनु पर्दछ ।

८. राज्यले जलवायु परिवर्तन र रेड्सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यहरु गर्दा आदिवासी जनजातिहरुको परम्परागत ज्ञान र सीपमा आधारित प्रविधिमा उनीहरुको स्वत प्याटन राईट कायम हुनेगरी संरक्षण, संवर्द्धन र विकास गरिनु पर्दछ ।

९. जलवायु परिवर्तनको पहिलो असर आदिवासी जनजातिहरुलाई पर्ने भएकोले हाम्रो परम्परागत जीवन पद्दती, जीविकोपार्जन, स्वास्थ्य उपचार प्रणाली आदिमा व्यापक रुपमा असर गर्ने भएकोले सो लाई सम्बोधन गर्नका लागि राज्यले आदिवासी जनजातिहरुको परम्परागत जीवन पद्दति अनुकूल हुने गरी विशेष व्यवस्था गर्नु पर्दछ ।

१०. जलवायु परिवर्तनको प्रभावका रुपमा देखिएको आवासन र आप्रवासनले आदिवासी जनजातिको पहिचान र जीवन पद्दतीमा पार्ने नकारात्मक प्रभावहरुलाई रोक्नका लागि राज्यले विशेष उपायहरु अवलम्वन गर्नु पर्दछ ।

११. राज्यले जलवायु परिवर्तन र रेड्सँग सम्बन्धित नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दा, कार्यान्वयन गर्दा र मूल्यांकन कार्यमा आदिवासी जनजाति महिलाहरु तथा बालबालिकाहरुलाई सबैभन्दा बढी प्रभाव पार्ने कुरालाई मान्यता दिई महिला र बालबालिकाको प्रभावकारी सहभागितालाई सुनिश्चित गरिनु पर्दछ ।

१२. जलवायु परिवर्तनका कारण हिमताल फुटेर, बाढी पहिरो तथा सुख्खा लगायतका प्रभावबाट हिमाल, पहाड र तराईका बासिन्दालाई जोगाउन सरकारले तत्काल विशेष उपायहरु अवलम्वन गर्नु पर्दछ ।

१३. जलवायु परिवर्तनको प्रभावबाट तत्काल जोखिममा पर्नसक्ने आदिवासी जनजाति समुदायहरुको पहिचान गरी त्यस्ता समुदायहरुलाई 'जलवायु परिवर्तनबाट प्रभावित पहिलो समुदाय' घोषणा गरी प्रभाव न्यूनीकरण र अनुकूलनको विशेष वैकल्पिक कार्यक्रममा लागु गर्नु पर्दछ ।

१४. बिश्वको सर्वोच्च शिखर सगरमाथा लगायतका हिमालहरुको हिउ पग्लिन्दा, हिमनदी सुक्ने, हिमताल फुट्ने जस्ता प्रभावबाट प्रत्यक्ष प्रभावित समुदाय नेपालका आदिवासी जनजाति समुदाय हुन् भनी विश्व समुदायको ध्यानाकर्षण गर्दछ ।

# काठमांडौ उपात्यकामा अदिवासी जनजाति अधिकार संम्बन्धि नारा अंकीत भित्ते लेखन

नयां संविधानमा आदिवासी जनजाति अधिकार सुनिचिश्त गराउन दबाव पुगोस् र संविधान निर्माणको संङ्गीन मोडमा अधिकार प्राप्तीका आन्दोलित डेढ करोड आदिवासी जनजातिको आत्मवल बढाउन र थप उर्जा प्रदान गर्ने उद्द्देश्यले काठमाडौं उपत्यकको मुख्य चोकहरुमा आदिवासी जनजातिका अधिकार संम्बन्धि नारा अंकीत भित्ते लेखन लेख्ने कार्य सम्पन्न भएको छ ।

- आदिवासी जनजातिहरुको पहिचान र अधिकार सुनिश्चित भएको संविधान जारी गर ।
- आदिवासी जनजातिहरुको जातीय, भाषिक र ऐतिहासिक पहिचानको आधारमा राज्यको पुनर्सरचना गर ।
- राज्यको पुनर्सरचना संविधानसभाले गर आयोगले हैन ।




- संविधानसभाका सभासदहरुलाई राजनितिक दलहरुले व्हीप जारी गर्न पाईदैन ।
- संविधान सभामा ११ वटा विषयगत समितिले प्रस्तुत् गरेको मस्यौदा प्रतिवेदनमा भएका आदिवासी जनजाति हित विपरीत बुंदााहरु तुरुन्त खारेज गर ।
- आदिवासी जनजातिहरूको भूमी र प्राकृतिक श्रोतमाथिको अधिकार मौलिक हकमा समावेश गर ।
- अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धी १६९ लाई तुरुन्त कार्यान्वयन गर ।
- नेपाल आदिवासी जनजाति महासंघ र नेपाल सरकारबीच भएको सम्झौताहरु कार्यान्वयन गर ।
- राज्यले खोसेको आदिवासी जनजातिहरूको भूमीहरू तुरून्त फिर्ता गर ।
- आदिवासी जनजातिहरूलाई मातृभाषामा निःशुल्क उच्च शिक्षाको व्यवस्था गर ।
- धर्म निरपेक्ष, जातीय संघीयता र गणतन्त्रलाई नयां संविधानमा अपरिवर्तनीय धाराको रुपमा उल्लेख गर ।
- धर्म निरपेक्ष राज्यसँग बाझिएका ऐन कानुनहरु तुरुन्त खारेज गर ।
- धर्म निरपेक्ष, गणतन्त्र र जातीय संघीय राज्यविरोधी प्रतिगामीहरुलाई कारवाही गर ।
- सूचीउन्मुख आदिवासी जनजातिहरुको न्यायिक माग पूरा गर ।
- महिलाहरुको कोटामा आदिवासी जनजाति महिलाहरुलाई ५० प्रतिशत कोटा सुनिश्चित गर ।
- आदिवासी जनजाति युवा र महिलाहरूलाई उचित रोजगारको व्यवस्था गर ।
- अल्पसंख्यक, अतिसिमान्तकृत र लोपोन्मुख आदिवासी जन-जातिहरुलाई सामाजिक सुरक्षा भत्ताको उचित व्यवस्था गर ।
- बिना कुनै कानूनी आधार निर्देशिका जारी गरेर गठन गरेका जिल्ला समन्वय समिति खारेज गर ।

## ए आई पी पीका महासचिव ज्वाइन कार्लिङ्गसंग भेटघाट

नेपाल भ्रमणमा आउनु भएकी ए आई पी पीका महासचिव ज्वाइन कार्लिङ्गसंग २०६७ जेठ ११ गते अपारान्ह १२.३० नेपाल आदिवासी जनजाति महासंघका




संघीय परिषद सचिवालयका पदधिकारीहरुद्धारा भेट वार्ता भयो । उक्त भेटवार्तामा नेपाल आदिवासी जनजाति महासंघ, ईबयिया, ए आई पी पी र टेबटेबाको आर्थिक सहयोगमा संञ्चालन हुन लागेको वन फडानी तथा वन विनासका कारण हुने कार्बन उत्सर्जनको कटौती (रेड) संम्बन्धि दोश्रो चरणको कार्यक्रलाई प्रभावकारी ढङ्गले संञ्चालन गर्नेबारे छलफल भएको थियो ।

सोही दिन दिउसो ए आई पी पी का महासचिव ज्वाइन कार्लिङ्ग संविधानसभा भवन गेट नं ३ अगाडी नेपाल आदिवासी जनजाति महासंघले संविधान विघटन नगर भनेर दबाव दिन अनिश्चितकालिन धर्ना स्थलमा आउनु भएर ऐक्यबद्धता जनाउनु भयो र धर्ना कार्यक्रमले सार्थक परिणामा ल्याउन सफल होस भनि शुभकामना व्यक्त गर्नु भएको थियो ।

## रेड सम्बन्धि आदिवासी जनजाति सभासदहरुसंग अन्तरक्रिया कार्यक्रम

वन फडानी तथा वन विनासका कारण हुने कार्बन उत्सर्जनको कटौती संम्बन्धि विषयमा आदिवासी जनजाति सभसदहरुसंग २०६७ जेठ ११ गते विहान ९ बजे संवैधानिक संम्वाद केन्द्र नयां बानेश्वरमा एक अन्तरक्रिया कार्यक्रम आयोजन गरिएको थियो । ए आई पी पीकी महासचिव ज्वाइन कार्लिङ्गले रेड संम्बन्धि जानकारी दिइकी थिइन् ।

कार्यक्रमका प्रमुख अतिथि एवं संविधानसभाका सम्माननीय अध्यक्ष सुवास चन्द्र नेम्वाङले उदघाटन गर्नु भएको कार्यक्रममा विभिन्न दलका आदिवासी सभासदहरु सहभागी थिए । प्रमुख अतिथिले रेड सम्बन्धि पुस्तक विमोचन गर्नु भएको थियो ।

## नेपाल आदिवासी जनजाति महासंघ, संयुक्त संघर्ष समिति, संयुक्त मोर्चा र वृहत मोर्चा वीच छलफल

आदिवासी जनजातिको अधिकार नयां सविधानमा सुनिश्चितता गराउन २१९ आदिवासी जनजाति सभासदहरुले सदनमा सघर्ष र सबै आदिवासी जनजाति



मोर्चाहरुले सडकमा सशक्त संयुक्त आन्दोलनको संभावनबारे नेपाल आदिवासी जनजाति महासंघ, संयुक्त संघर्ष समिति, संयुक्त मोर्चा र वृहत मोर्चावीच २०६७ वैशाख ३० र जेठ ३ गते महासंघको कार्यालयमा छलफल भएको थियो । उक्त छलफल कार्यक्रममा गठन गरेको कार्यदलले आन्दोलनको लागि साझा संञ्जालको अवधारणा तयार पारिसकेको थियो तर आदिवासी जनजाति सभासद सभा ककसलाई पनि संयन्त्रमा सहभागी गराउने निर्णय भएको तर ककसले आफ्नो सहभागीताबारे निर्णय लिन बांकी रहेकोले संयुक्त आन्देलनका लागि राष्ट्रिय सञ्जाल निर्माण गर्ने कामले पूर्णता पाउन बांकी नै छ ।

## नेपाल आदिवासी जनजाति महासंघका गतिविधिहरुको तालिका

१) २०६७ जेठ २ गते विहान ८ बजे संवैधानिक संम्वाद केन्द्र नयां बानेश्वरमा संविधानमा अदिवासी जनजातिको अधिकार सुनिश्चितताबारे अन्तरक्रिया

कार्यक्रम पूर्व सल्लहाकार, पूर्व महासचिवहरु, जातिय संगठन, जिल्ला संघयि परिषद, सम्बन्धन प्राप्त संघसंस्थाहरु र वर्तमान र पूर्व सचिवालयका पदाधिकारीहरु सहभागीतमा सम्पन्न भयो ।

२) २०६७ जेठ ३ गते बिहान ११ बजे नेफिनको कार्यालयमा संयुक्त संघर्ष समिति, संयुक्त मोर्चा र वृहत मोर्चाहरुसंग छलफल भयो ।

३) २०६७ जेठ ३ देखि ५ गते सम्म विहान ८ देखि ५ बजे सम्म होटल चौतारी, नगरकोटमा आमन्त्रीत जिल्ला समन्वय परिषदका प्रतिनिधिहरुलाई रेड संम्बन्धि प्रशिक्षक तालिम दिइयो ।

४) २०६७ जेठ ११ गते बिहान ९ बजे संवैधानिक संम्वाद केन्द्र नयां बानेश्वरमा सभा अध्यक्षको प्रमूख आतिथ्यमा आदिवासी जनजाति सभासदहरु र सचिवालयका पदाधिकारीहरु सहभागीतमा रेड सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

५) २०६७ जेठ ११ गते दिउँसो १२.३० बजे संवैधानिक संम्वाद केन्द्र नयां बानेश्वरमा ए आई पी पीका महासचिव ज्वाइन कार्लिङ्ग र सचिवालयका पदाधिकारीहरु वीच भेट तथा छलफल भयो ।

६) २०६७ जेठ ११ गते बिहान ७ बजे संवैधानिक संम्वाद केन्द्र नयां बानेश्वरमा सचिवालयका पदाधिकारीहरु सहभागीतमा सचिवालयको आकस्मिक बैठक भयो ।

७) २०६७ जेठ ११ देखि १४ गते संविधान सभा भवन गेट नं ३ अगाडी संविधान सभा विघटन नगर दबावमूलक धर्ना कार्यक्रम पूर्व सल्लहाकार, महासचिव, जातिय संगठन, संघयि परिषद, सम्बन्धन प्राप्त संघसंस्थाहरु र वर्तमान र पूर्व सचिवालयका पदाधिकारीहरु, सभासदहरु, नागरिक समाजको सहभागीत थियो ।

८) २०६७ जेठ १३ गते विहान ११ बजे भारतीय दूतावास लाजिम्पाटमा जातिय संगठन, संघयि परिषद, सम्बन्धन प्राप्त संघसंस्थाहरु र वर्तमान र पूर्व सचिवालयका पदाधिकारीहरुको सहभागीतामा बुद्ध नेपालमा जन्मेका हुन्, भारतमा होईन भनेर भारतीय दूतावासमा ज्ञापन पत्र हस्तान्तरण गरियो ।

९) २०६७ जेठ १९ गते विहान ११ देखि २ बजे सम्म तमु बौद्ध सेवा समिति अनामनगरमा २०६७ को विश्व आदिवासी दिवसको कार्यक्रमहरुबारे जातिय संगठनहरु, सम्बन्धन प्राप्त संगठनहरु र सचिवालयका पदधिकारीहरुवीच छलफल भयो ।

## विभिन्न संघसंस्थाबाट आमन्त्रीत कार्यक्रममा महासंघको सहभागीता

१) २०६७ जेठ ५ देखि ८ गते सम्म विहान ८ बजे जनसीप कार्यालयको आयोजनमा चरिकोट, दोलाखमा जनसीप सचिवालय वैठक र स्थलगत अवलोकन भ्रमणमा अध्यक्ष र उपाध्यक्ष ज्ञान बहादुर बोटेले भाग लिनु भयो ।

२) २०६७ जेठ ७ गते दिउसो ११ बजे राष्ट्रिय आदिवासी जनजाति महिला महासंघद्धार संम्वैधानिक संम्वाद केन्द्र नयां बानेश्वरमा आयोजित आत्म निर्णयको अधिकार सहित जातीय, भाषिक र क्षेत्रीय आधारमा संघीय संरचना विषयक छलफल कार्यक्रममा महासचिवले भाग लिनु भयो ।

३) २०६७ जेठ ९ गते साँझ ६ बजे आदिवासी जनजाति सभासद सभा ककसले भिल्ला एभरेष्ट कोरियन रेष्टुरेण्टमा आयोजित आदिवासी जनजाति सभासद सभा ककसको वैठकमा अध्यक्ष र महासचिवले भाग लिएका थिए ।

४) २०६७ जेठ १० गते दिउसो ३ बजे यू एनले वर्ल्ड बैंक भवन याक एण्ड यती होटलमा आयोजित आदिवासी जनजातिलाई वहिस्करण सम्बन्धि अवधारणा प्रस्तुत कार्यक्रममा महासचिवले भाग लिनु भयो ।

५) २०६७ जेठ १६ र १७ गते विहान ८ देखि ५ बजे मिरावेल होटल धुलिखेलमा ककसद्धार आयोजित ११ वटा विषयगत समितिले पारित मस्यौदा परिमार्जन कार्यक्रममा अध्यक्ष र महासचिवले भाग लिएका थिए ।

६) २०६७ जेठ २० गते साँझ ६ बजे उत्सव रेष्टुरेण्ट, दरवारमार्गमा ईसिमोडद्धारा आयोजत रात्री भोजमा महासचिवले भाग लिनु भयो ।

७) २०६७ जेठ २३ गते विहान ८ बजे देखि स्थानिय विकास प्रक्षिण केन्द्र ललितपुरमा संरक्षण नेपालको स्थानिय समुदाय र जैविक विविधता विषय कार्यक्रममा कोषाध्यक्षले भाग लिनु भयो ।

८) २०६७ जेठ २४ गते दिउसो २ देखि ५ बजे सम्म कोषाध्यक्षले रेड सेल वन तथा भूसंरक्षण मन्त्रालयद्धार आयोजित प्रोजेक्ट डिजाइन टिममा भाग लिनु भयो ।

९) २०६७ जेठ २५ गते विहान ११ देखि १ बजे सम्म सामाजिक सदभाव तथा मानव अधिकार चौतारीले फिचर नेपालको सभा कक्ष कमलादीमा अन्तर सांस्कृतिक सदभाव तथा शान्तीबारेको कार्यक्रममा कोषाध्यक्षले भाग लिनु भयो ।

१०) २०६७ जेठ २६ गते ११ बजे आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानले स्थानीय विकास प्रशिक्षण केन्द्र ललितपुरमा वहुभाषिक शिक्षा स्थिति र संभावनबारेको छलफल कार्यक्रममा उपाध्यक्ष नोभु घले बुद्धले भाग लिनु भयो ।

११) मिति २०६७ जेठ २७ गते जिल्ला समन्वय परिषद दोलखाबाट आयोजित प्रथम जिरेल सगरमाथा आरोहीलाई अभिनन्दन कार्यक्रममा आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखि थारुले प्रथम जिरेल सगरमाथा आरोही लाल बहादुर जिरेललाई अभिनन्दन गर्नु भयो ।

१२) २०६७ जेठ २७ गते इलाममा सम्पन्न ईलाम जिल्ला समन्वय परिषदको पांचौ महाधिवेशनमा प्रमुख अतिथीको रुपमा महासचिव आङ काजी शेर्पाले भाग लिनु भएको थियो ।

१३) मिति २०६७ जेठ ३१ गते विहान ८ देखि १२ बजे सम्म वर्ल्ड ट्रेड सेन्टर त्रिपुरेश्वरमा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको आयोजनामा नयां संविधानमा आदिवासी जनजाति महिलाको सवाल र अधिकार विषयक अर्न्तक्रियात्मक कार्यक्रममा महासचिव आङकाजी शेर्पा र सचिव यशोकान्ती भट्टचनले भाग लिनु भएको थियो ।

१४) २०६७ जेठ २९ गते विहान ११ बजे एस आर क्याटरिङ्ग, धुम्वाराहीमा तोक्प्यागोला सेवा समाजद्धार आयोजित स्वागत तथा वधाई कार्यक्रममा संघीय सचिवालयका पदधिकारीहरु सहभागीता रहेको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथी मा. संञ्चारमन्त्री शंकर पोखरेल र अतिथीहरुमा पूर्व पर्यटन राज्यमन्त्री याङकीला शेर्पा र माननीय तथा महासंघका निवर्तमान अध्यक्ष पासाङ शेर्पा हुनुहुन्थ्यो ।

१५) मिति २०६७ जेठ ३१ गते स्टाफ कलेज जाउलाखेलमा आदिवासी जनजाति सभासद सभा ककसद्धार आदिवासी जनजातिको दृष्टिकोणबाट परिमार्जन गरिएका विषयगत समितिका प्रतिवेदनलाई परिमार्जन कार्यक्रममा महासंघसंग आवद्ध सबै जातिय संगठनहरु, आमन्त्रीत जिल्ला समन्वय परिषदहरु, महासंघसंग सम्बन्धन प्राप्त संगठनहरुका प्रतिनिधिहरु र सचिवालयका पदाधिकारीहरु सहभागी भएका थिए ।

## स्थानीय मन्त्रीलाई जिल्ला समन्वय समितिको संरचना संशोधन गर्न ज्ञापन पत्र

अधिकांश जिल्लाहरुमा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद हुँदा हुँदै र विना कुनै कानुनी आधार स्थानीय मन्त्रीको निर्णयको आधारमा निर्देशिका जारी गरि जिल्ला विकास अर्न्तगत गठन भएका जिल्ल्ला समन्वय समितिको अवैज्ञानिक संरचनालाई संशोधन गरि जिल्ला समन्वय परिषदले तोकेको प्रतिनिधि जिल्ला समन्वय समितिमा उपाध्यक्ष हुने र समितिमा सदस्य संख्या धेरै भएकोले समितिको वैठक वर्षमा एक पटक समेत बस्न नसकीरहेको अवस्थामा समितिमा अति आवश्यक कार्यालयका प्रतिनिधिहरु मात्र राखी समितिको सदस्य संख्या बढीमा ७ जना सम्म रहने गरि निर्देशिका संशोधनका लागि महासंघको निर्वतमान अध्यक्ष पासाङ शेर्पा, सचिवालयका पदधिकारी र जिल्ला समन्वय परिषदका तर्फबाट कैलाली जिल्ला समन्वय परिषदका अध्यक्ष, लक्ष्मण तुलाचन, लमजुङ्गका अध्यक्ष खेमजङ्ग गुरुङ, ईलामाका अध्यक्ष किरण सुनुवार लगायतका प्रतिनिधिहरु आदिवासी जनाजाति राष्ट्रिय उत्थान प्रतिष्ठानका उपाध्यक्ष जितपाल किरांत सम्मिलित टोलीले २०६७ जेठ ८ गते मा. स्थानीय मन्त्री पूर्ण कुमार शेर्मालाई ज्ञापनपत्र बुझायो । मा. मन्त्री शेर्माले जिल्ला समन्वय समितिको संरचना संशोधनको कार्य अग्राधिकार सहित अगाडी बढाउन ज्ञापन पत्रमा तोक आदेश लेखि दिनु भयो ।



## संक्षेपमा समाचार

### इलाम जिल्ला समन्वय परिषदको पाचौं महाधिवेशन सम्पन्न

ईलाम जिल्ला समन्वय परिषदको पांचौं महाधिवेशन २०६७ जेठ २७ गते भव्यताका साथ सम्पन्न भयो । विहान करिब ११ बजे टुंडिखेलबाट विभिन्न जातिय संस्कृति झल्कने ऱ्यालीले इलाम बजार परिक्रमा गरिसकेपछि उदघाटन सभामा परिणत भयो ।





इलाम जिल्ला समन्वय परिषदका अध्यक्ष किरण सुनुवारले अध्यक्षता गरेको उदघाटन कार्यक्रममा प्रमुख अतिथी महासंघको महासचिव आङ काजी शेर्पा, अतिथीहरु नेपाली कांग्रेसका मां सभासद विमला प्रसाई र सहअध्यक्ष हिमालय कर्माचार्य, नेकपा एमालेका जिल्ला उपाध्यक्ष राम राणा, एकीकृत नेकपा माओवादीका ईन्चार्ज राम राई, माक्सवादीका भूमि ढुङ्गाना र लिम्बुवान राज्य जिल्ला परिषदका सदस्य मिनुस जवेगुले मन्तब्य ब्यक्त गरेका थिए । उक्त कार्यक्रममा इलाम जिल्ला समन्वय परिषदका संस्थापक अध्यक्ष मोहन सिंह थेवे, पूर्व अध्यक्ष वम बहादुर तामाङ र क्याम्पस प्रमुख जे.बी लुङ्गेली मगरलाई आदिवासी जनजातिको हक अधिकारको लागि उहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च मुल्यांकन गर्दै दोसल्ला र अभिनन्दन-पत्र सहित अभिनन्दन गरियो ।

*पाचौं महाधिवेशनको वन्दसत्रबाट निम्न नेतृत्वहरु चयन भयो:*

अध्यक्ष किरण सुनुवार, उपाध्यक्ष भवानी गुरुङ्ग र वीर बहादुर लेप्चा, सचिव राजु राई, कोषाध्यक्ष सावित्र श्रेष्ठ, सहसचिव फुलमाया जवेगु सहित १४ जना सदस्यहरु निर्विरोध निर्वाचित भयो । इलाम जिल्ला समन्वय परिषदमा किराँत याक्थुम चुमलुङ्, किराँत राई यायोक्खा, किराँत याक्खा छुमा, किराँत, सुनुवा, तमाङ, मगर, गुरुङ, लेप्चा, शेर्पा, ह्योल्मो, भुजेल, नेवार, थामी र कुमाल गरि जम्मा १४ वटा जातिका जिल्ला संगठनहरु आवद्ध छन् ।

## आम संञ्चार माध्यममा नेपाल आदिवासी जनजाति महासंघ

१) गोर्खा एफ एम मा २०६७ जेठ ११ गते विहान ६:३० बजे अध्यक्षको अर्न्तवार्ता
२) मिरमिरे एफ एम मा २०६७ जेठ १२ गते विहान ६:३० बजे अध्यक्षको अर्न्तवार्ता ।
३) अन्नपूर्ण एफ एम मा २०६७ जेठ १२ गते विहान ८:३० बजे महासचिवको अर्न्तवार्ता ।
४) अन्नपूर्ण एफ एम मा २०६७ जेठ १२ गते विहान ७ बजे अध्यक्षको अर्न्तवार्ता ।
५) न्यूज २४ टेलिभिजनमा २०६७ जेठ १२ गत वेलुकी ७ बजे अध्यक्षको अर्न्तवार्ता ।
६) स्टार एफ एम मा २०६७ जेठ १२ गते विहान ८ बजे अध्यक्षको अर्न्तवार्ता ।
७) लुम्बिनी एफ एम मा २०६७ जेठ १२ गते विहान ८ बजे अध्यक्षको अर्न्तवार्ता ।
८) स्वार्गद्धारी एफ एम मा २०६७ जेठ १३ गते विहान ७ बजे अध्यक्षको अर्न्तवार्ता ।
९) मध्यबिन्दु एफ एम मा २०६७ जेठ ११ गते विहान ६:३० बजे उपाध्यक्ष ज्ञान बहादुर बोटेको अर्न्तवार्ता ।
१०) मिरमिरे एफ एम मा २०६७ जेठ १४ गत विहान ११ बजे कोषाध्यक्षको अर्न्तवार्ता ।
११) उज्यालो नेटवर्क एफ एम मा २०६७ जेठ १४ विहान, दिउसो र साँझ (३ पटक) अध्यक्षको अर्न्तवार्ता ।
१२)यूथ एफ एम मा २०६७ जेठ १४ गते विहान ११ बजे अध्यक्षको अर्न्तवार्ता ।
१३) अन्नपूर्ण एफ एम मा २०६७ जेठ १२ गते विहान ७ बजे अध्यक्षको अर्न्तवार्ता ।
१४) ए बि सी टेलिभिजनमा २०६७ जेठ १३ गते साँझ ७ बजे अध्यक्ष ....उपाध्यक्ष नोर्भु घले बुद्ध र महासचिवको अर्न्तवार्ता ।
१५) गोर्खा एफ एममा २०६७ जेठ १६ गते सचिव यशोकान्ती भट्टचनको अर्न्तवार्ता ।

## फोटो फिचर्स



संविधानसभाका विभिन्न समितिले प्रस्तुत मस्यौदाबारे आदिवासी सभासदसभा ककसले २०६७ जेठ १६ र १७ मा मिरावेल होटल धुलिखेलमा आयोजित छलफल कार्यक्रमको झलक ।



विश्वका आदिवासीहरुको अन्तर्राष्ट्रिय संञ्जालको जर्मनीमा आयोजित वैठकमा सहभागी हुन प्रस्थानका लागि अध्यक्ष राजकुमार लेखी काठमाडौंको अन्तर्राष्ट्रिय विमानस्थलमा ।



राष्ट्रिय योजना आयोगका उपाध्यक्षसंग ३ वर्षे अन्तरिम योजनामा आदिवासी जनजातिका विकासका लागी ठोस नीति तथा कार्यक्रमहरु समावेश गरि दिन माग प्रस्तुत गर्न सहभागी आदिवासी सभासदहरु, अदिवासी जनजाति उथ्थान राष्ट्रिय प्रतिष्ठान, आदिवासी जनजाति महासंघ, रा.आ.ज. महिला महासंघ आदिवासी जनजाति नेताहरु ।


**सम्पर्क ठेगाना:**

**नेपाल आदिवासी जनजाति महासंघ**
संघीय परिषदको सचिवालय, कुसुन्ति (यातायात कार्यालय नजिक) ललितपुर फोन नं. ०१-५००१७५४, पत्रचार ठेगाना: पो.व.न. ८९७५, ई.पी.सी.१८५१, ललितपुर,नेपाल ।
इमेल nefen@wlink.com.np / info@nefin.org.np
वेबसाइट: www.nefin.org.np

**Nepalese Federation of Indigenous Nationalities**
Federation Council Secretariat, Kusunti Lalitpur
Post Box No.: 8975 E. P. C. 1851, Phone: 977-1-5001754
Email: nefen@wlink.com.np and info@nefin.org.np
website www.nefin.org.np


**पाउनेको ठेगाना:**

................................................................................
................................................................................
................................................................................